# मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ बाबियाचौर, म्याग्दी संख्या : ५ मिति : २०८१ साल जेठ २१


भाग-२

मंगला गाउँपालिका

## नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) वितरण सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः

मंगला गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने आर्थिक रुपले विपन्न परिवार, दलित, जनजाती, एकल महिला, विधवा महिला, अपांगता भएका व्यक्ति, सिमान्तकृत वर्ग लगायत मंगला गाउँपालिका बासीहरुको स्वास्थ्य स्थितिमा सुधार ल्याउन, महिलाहरुको घरायसी कार्यबोझ कम गरी आर्थिकोपार्जन क्रियाकलापहरुमा प्रेरित गर्न, ईन्धनको लागि जंगलमा रहेको निर्भरता कम गर्न स्थानीय सरकार संचालनको ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो,सुधारिएको चुलो,सौर्य उर्जा) वितरण सम्बन्धी कार्यविधि तर्जुमा गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम "नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) वितरण सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अध्यक्ष" भन्नाले मंगला गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले मंगला गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्छ ।

ग) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

घ) "कार्यपालिका" भन्नाले मंगला गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

ङ) "गाउँ पालिका स्तरीय समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनुपर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मंगला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

छ) "लाभग्राही" भन्नाले गाउँपालिका स्तरिय छनौट समितिले छनौट गरेका लाभग्राही सम्झनुपर्दछ ।

ज) "वडा अध्यक्ष" भन्नाले मंगला गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

झ) "वडा समिति" भन्नाले मंगला गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

ञ) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजकलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

**३. लाभग्राही घरपरिवार छनौट प्रक्रियाः**

१. नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) प्राप्त गर्न_ईच्छुक र मापदण्ड पुगेका लाभग्राहीबाट अनुसुची -१ बमोजिमको ढाँचामा वडामा आवदेन दिन सक्ने गरी गाँउपालिकाबाट कम्तिमा ७(सात) दिनको अनुसुची -२ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

२. उपदफा (१) बमोजिम पर्न आएका आवेदनहरुको विवरण र अन्य कागजातहरु वडा कार्यालयले एकमुष्ट रुपमा गाउँ कार्यपालिकामा पठाउनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम गाउँकार्यपालिकामा पेश भएका लाभग्राहीहरुलाई नियम (५) बमोजिमको गाउँपालिका स्तरिय लाभग्राही छनौट समितिले (आवश्यक परेमा छनौटका सुचकहरु समेत निर्धारण गरी) लाभग्राहीहरुको अन्तिम नामावली छनौट गर्नु पर्ने छ ।

४. लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, विधवा महिला, आर्थिक रुपले विपन्न परिवार, दलित, असहाय महिला, अपांगता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

५. उपदफा (१) बमोजिम निवेदन दिँदा निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्र ।

ख) जग्गा धनी प्रमाण पुर्जा/ सम्बन्धित वडामा स्थायी बसोबास गरेको अन्य प्रमाण ।

ग) सूचनामा उल्लेख भए बमोजिमका अन्य आवश्यक प्रमाण तथा कागजातहरु।

**४. लाभग्राही घरपरिवारको छनौटको आधारहरुः**

क) मंगला गाउँपालिका भित्र स्थायी रूपले बसोबास भएको हुनु पर्ने ।

ख) जग्गा धनी प्रमाण पुर्जा/ सम्बन्धित वडामा स्थायी बसोबास गरेको अन्य प्रमाण ।

ग) नेपाली नागरिक भएको हुनुपर्ने ।

घ) यस भन्दा अगाडि गाउँपालिकाबाट यस प्रकारको सुविधा प्राप्त नगरेको हुनुपर्ने ।

ङ) बृद्ध, एकल महिला, विधवा महिला, आर्थिक रुपले विपन्न परिवार, दलित, असहाय महिला, अपांगता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइने ।

च) गाउँपालिकालाई बुझाउनु पर्ने राजस्व, पेश्की र बेरुजु बुझाउन बाँकी नरहेको हुनुपर्ने।

**५. गाउँपालिका स्तरीय लाभग्राही घरपरिवार छनौट समितिः**

१. दफा (३) को उपदफा (२) बमोजिम वडा कार्यालयबाट संकलन भई आएका लाभग्राही घरपरिवारको अन्तिम नामावली छनौट गर्न तपसिल बमोजिमको गाउँपालिका स्तरीय छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्षः | -संयोजक |
| ख) उपाध्यक्षः | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृतः | -सदस्य |
| घ) सबै वडाका वडा अध्यक्षहरु | -सदस्य (पाँच जना) |
| ङ) गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला कार्यपालिका सदस्यः | -सदस्य |
| च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना कर्मचारीः | -सदस्य सचिव |

२. उपरोक्त समितिले अनुसूची-३ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण तयार गर्नेछ ।

३. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

४. लाभग्राही छनौट गर्दा आवश्यक्ता अनुसार स्थलगत निरिक्षण समेत गरिनेछ ।

**६. सामाग्री वितरण सम्बन्धी व्यवस्थाः**

१. दफा (५) बमोजिमको गाउँपालिका स्तरिय समितिबाट छनौट भएका लाभग्राही घरपरिवारलाई निशुल्कः रुपमा वितरण गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि लाभग्राहीको लागत साझेदारी हुने गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

३. एक घरमा एकभन्दा बढीलाई सामाग्री वितरण गरिनेछैन ।

**७. खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः**

१. लाभग्राही घरपरिवारलाई वितरण गरिने सामाग्री (नविकरणीय उर्जा, प्रविधि जडान, बायोग्यांँस, विधुत्तिय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा तथा चुल्हो) खरिद सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ तथा नियमवाली २०६४ बमोजिम हुनेछ ।

२. उपदफा (१) बमोजिम खरिद गरिएका सामाग्रीहरुको भुक्तानी खरिद बिल, दाखिला रिपोर्ट, वितरित भरपाइ लगायतका अन्य आवश्यक कागजपत्रको आधारमा भुक्तानी गरिनेछ ।

**८. अनुगमन सम्बन्धी व्यवस्थाः**

१. (नविकरणीय उर्जा, प्रविधि जडान, बायोग्यांँस, विधुत्तिय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा तथा चुल्हो) वितरण सम्बन्धमा मंगला गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि (प्रथम संसोधन सहित) २०७९ को दफा (८) बमोजिम वडास्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति र दफा (३) बमोजिम गाउँपालिका स्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गर्नेछ ।

**९. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः**

१. यदि कसैले झुठ्ठा विवरण पेश गरी यस कार्यविधि बमोजिम सेवा सुविधा लिएको प्रमाणित भएका वितरण गरिएको सामान फिर्ता गर्न लगाई गरी कानुन बमोजिम कारबाही गरिने छ ।

**१०. बाधा अड्काउ फुकाउनेः**

१. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**११. परिमार्जन, संसोधन तथा खारेजी तथा बचाउः**

१. यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन, संसोधन तथा खारेजी गर्न सक्नेछ ।

२. संघिय सरकार र प्रदेश सरकारबाट जारी भएको कानुन सँग यो कार्यविधि बाझिएमा बाझिएको हदमा संघिय सरकार र प्रदेश सरकारले बनाएको कानुन बमोजिम हुनेछ ।

## अनुसुची -१

## दफा (३) को उपदफा (१) सँग सम्बन्धित

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मंगला गाउँकार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी

विषयः नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो,सुधारिएको चुलो,सौर्य उर्जा) माग सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयको सम्बन्धमा मंगला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको आ. व. को नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो,सुधारिएको चुलो,सौर्य उर्जा) कार्यक्रम सञ्चालन गर्न मिति मा प्रकाशित सूचना बमोजिम तपशिलको मेरो पारिवारिक विवरण सहित आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु ।

घरमुलीको नाम थरः नागरिकता नं:

बाबु/आमा/श्रीमान/श्रीमतिको नाम थरः

परिवारको सदस्य संख्याः महिलाः पुरुषः

आयस्रोतको विवरणः

रोजगारीः कृषिः व्यवसायः अन्यः

अनुमानित वार्षिक आम्दानीः सम्पर्क नं:

यस आ. व. भन्दा अघि मंगला गाउँपालिकाद्धारा वितरण भएको यस प्रकृतिका सामाग्रीहरु/उपकरण मेरो परिवारको सदस्यले लिएका छैनौ । गाउँकार्यपालिकाले तोकेका शर्तहरु मान्य तयार छु । प्राप्त सामाग्रीहरु अरु कसैलाई बेचबिखन समेत गर्ने छैन ।उल्लेखित सबै व्यहोरा सत्य साँचो हो झुठ्ठा ठहरे प्रचलित कानुन बमोजिम सजाँय भोग्न तयार छु ।

लाभग्राहीको फोटो

निवेदकः
हस्ताक्षरः
नामथरः
स्थायी ठेगानः
नागरिकता नं:
सम्पर्क नं:

## अनुसुची — २

## दफा (३) को उपदफा (१) सँग सम्बन्धित

विषयः नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो,सुधारिएको चुलो,सौर्य उर्जा) कार्यक्रम सञ्चालन को लागि निवेदन माग सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः

प्रस्तुत विषयको सम्बन्धमा मंगला गाउँपालिकाको आ. व. को स्वीकृत वार्षिक बजेट अन्तर्गत नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले सोको लागि ईच्छुक मंगला गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अनुसुची (१) बमोजिमको निवेदन सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सञ्चालन हुने कार्यक्रमः ..........................................................................

<u>निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः</u>

क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) जग्गा धनी प्रमाण पुर्जा ।

(ग) अन्य आवश्यक कागजात ।

## अनुसुची -३

## दफा (५) को उपदफा (२) सँग सम्बन्धित

मितिः

गाउँपालिका स्तरीय लाभग्राही छनौट समितिबाट छनौट भएका लाभग्राही घर परिवारको विवरणः

| सि.नं. | लाभग्राहीको नाम थर | ठेगाना | नागरिकता प्रमाण पत्र नं | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत